नेपाल गजेट

भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं माघ १ गते २०१३ साल संख्या ३६

कानून तथा संसदीय प्रबन्धमन्त्रालयको सूचना

पत्रसंख्याः त. ख. ५।०१३—$\frac{२०५०}{१०५१}$ मिति ०१३।९।३०।१

सरकारले नेपाल निजामती सेवा ऐन, २०१३ अन्तरगत बनाएको तल लखिएबमोजिमको नियम सर्वसाधारण जनताको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

नेपाल प्रशासन सेवा [गठन] नियम, २०१३ लाई संशोधन गर्न आवश्यक देखिएकोले सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— [१] यी नियमहरूको नाम "नेपाल प्रशासन सेवा [गठन] संशोधन नियम, २०१३" रहेकोछ।

२. मूल नियमको नियम ६ (३) मा संशोधनः– नियम ६ (३) मा "२ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा तीन महिना ५ दिनभित्र भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४५

३. मूल नियमको नियम ७ [२] मा संशोधनः– (१) नियम ७ (२) बमोजिम प्रत्येक वर्षको नोकरीको निमित्त चार नम्बर पाउने दुव कलममा 'हाई स्कूलका हेड मास्टरहरू' थपिएको छ ।

[२] नियम ७ [३] को तालिकामा देहायबमोजिम थप गरिएको छ ।

६. बी. एल. वा सो सरह १५, २०, २५

आज्ञाले—
नयनबहादुर खत्री छेत्री,
सेक्रेटरी–का म तथा संसदीय प्रबन्धमन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।